# तेश्रो आवधिक योजना २०२२/०२३ - २०२६/०२७ मा हुलाक

## संचार

### हुलाकः

हुलाक सेवा १८७५ देखि नेपालमा चालु गरियो। यसको सुरुआतमा देश भरमा केवल १०० हुलाकहरु यत्रतत्र छरिएका थिए। त्यस समयमा हुलाक सेवा राष्ट्रिय सुरक्षाको र आन्तरिक प्रशासनको निमित्त मात्र हो भन्ने ठानिएको थियो। प्रथम पञ्चवर्षीय योजनाको सुरुआत भन्दा अगाडि देश भरमा जम्मा १२४ वटा हुलाक भएको पाइन्छ। यस योजना कालमा नेपालले विश्व हुलाक संगठनको सदस्यता प्राप्त गर्‍यो।

त्रिवर्षीय योजना अवधिमा हुलाकको संख्याको वृद्धि गर्नेतर्फ भन्दा भएका हुलाक सेवालाई सुव्यवस्थित गर्नेतर्फ बढ्ता जोड दिईयो। केन्द्रमा जनरल पोष्ट अफिसको विस्तार गरियो। नेपालभरमा हरेक २ अञ्चलका लागि १ का दरले ७ अञ्चल हलाक नियन्त्रक अफिस, आफ्ना आफ्ना क्षेत्रभित्रको हुलाक सम्बन्धी कार्यलाई नियन्त्रण गर्न खोलियो। हाल ४ वटा शहर हुलाक, ९ केन्द्रीय हुलाक, १० एक्सचेन्ज हुलाक, २२ सब-हुलाक र १५३ शाखा हुलाक देशभरमा छन्। यसका अतिरिक्त विदेशी डाँकको व्यवस्था चलाउन एक हुलाक अफिस पनि छ। जम्मा डांक लाने तिन मुख्य मार्गहरु छन्।

१. पश्चिमी पहाडी मार्ग
२. पूर्वी पहाडी मार्ग
३. पूर्वी तराई मार्ग

यी मुख्य मार्गहरुलाई जोड्ने १४ वटा नयाँ शाखा लाईनहरु छन्। हुलाक सेवाले हालसालै आन्तरिक पत्र विमा सेवा र आन्तरिक पुलिन्दा विमा सेवा पनि चालु गरेको छ।

### तेश्रो योजनाः

वर्तमान सयमा रहेका हुलाकहरु देशको आवश्यकता हेर्दा ज्यादै कम्ती र अपर्याप्त देखिन्छन्। कुनै पनि विकासका कार्यक्रममा हुलाक सेवा एउटा आवश्यकीय वस्तु मानिन्छ। त्यस कारण बढ्दो मागको पुर्ति गर्नलाई बढी हुलाकको स्थापना गर्नु र भएकालाई वृद्धि गर्नु, सुदृढ र जागरुक बनाउनु परेको छ। यस उद्देश्यलाई ध्यानमा राखी निम्नलिखित योजना हुलाक सेवा विकास कार्य आउँदो योजना अवधिमा गर्ने लक्ष्य राखिएको छ।

### संगठनः

हुलाक सेवाको सुविधा विस्तार गर्न कुनै पनि कदम उठाउनु भन्दा पहिले हुलाक सेवाको प्रशासकीय संगठनलाई सुव्यवस्थित तथा सुदृढ तुल्याउन अनिवार्य छ। तसर्थ हुलाक सेवाको कार्य स्तरमा वृद्ध गर्नको निमित्त आवश्यक सुविधा तथा प्रोत्साहन दिने हेतुले यस योजना कालमा हुलाक सेवालाई हालको प्रशासकीय सेवाबाट छुट्टै राखी एक भिन्न सेवाको रुपमा परिणत गरिनेछ। साथै हुलाक सेवाको बढ्दो माग र गतिले गर्दा प्रत्येक अञ्चलमा हुलाक सेवाको आवश्यक रखदेख र नियन्त्रण गर्न सात वटा थप अञ्चल हुलाक नियन्त्रण खोली १४ वटा अञ्चल हुलाक नियन्त्रण अफिसको व्यवस्था गरिनेछ। अञ्चल नियन्त्रक अफिस र यस मातहत हुलाकहरुको बीचमा सम्बन्ध कायम राख्न २८ वटा जिल्ला सुपरिटेण्डेण्ट अफिसको पनि स्थापना गरिनेछ।

### शाखा हुलाकः

हुलाक सर्वेक्षणको रिपोर्ट अनुसार कम जनसंख्या भएको ठाउँमा पनि प्रत्येक ११० वर्ग मिलमा कमसेकम एउटा हुलाकको जरुरत पर्दछ। यही आधारमा देश भरमा १३० थप हुलाकहरुको आवश्यकता देखिन्छ, जस मध्ये ८५ हुलाक तृतीय योजना अवधिभित्र स्थापना गरिनेछ। नयाँ हुलाकहरु स्थापना गर्दा त्यस स्थानमा जनसंख्या र हाल भइरहेको हुलाकको दुरीको आधारमा गरिनेछ।

### सहकारी हुलाकः

नेपालमा सहकारी हुलाकको बढ्दो मागको पुर्ति गर्ने, साक्षरताको वृद्धि गर्न र सहकारी भावनाको जागरण गराउने हेतुले परीक्षाको रुपमा सुरु गरिएको थियो र हालसम्मको अनुभवबाट धेरै उपयोगी सिद्ध भएको छ। पहिलो सहकारी हुलाक २०१३ मा खोलिएको थियो र २०१७ सम्ममा १५० वटा यस्ता हुलाक चालु थिए। तर ती मध्ये धेरैजसो विभागबाट सहयोग, रेखदेख र निर्देशन पर्याप्त मात्रामा पुऱ्याउन नसकिएकोले लोप भएर गए। यस योजना अवधिमा ४०० सहकारी हुलाकको स्थापना गर्ने लक्ष्य राखिएको छ। यी हुलाकहरु मुख्यत गाउँ पञ्चायतमार्फत सञ्चालन गरिनेछ र विभागबाट आवश्यक सहायता प्रदान गरिनेछ।

### डांक मार्गको विस्तारः

छिटो छरितो किसिमबाट हुलाक सेवा सञ्चालन गर्नको निमित्त आवश्यक सर्वे गरी २० वटा नयाँ डाँक मार्गहरु सुरु गरिनेछ। भएका मार्गहरुको पनि पुनः सर्वे गरी आवश्यक संशोधन गरिनेछ।

### राजमार्ग र हवाई डाँक सेवाः

सतह यातायातको बढ्दो सुविधाबाट फाइदा उठाउन कोदारी मार्ग, पूर्व-पश्चिम राजमार्गको सकिएको भाग र पोखरा सुनौली मार्गमा डाँक गाडी प्रयोगमा ल्याइनेछ। यस्तै किसिमले हवाई सेवा भएको स्थानमा हवाइ डाँक सेवा पिन चालु गरिनेछ।

### डाँक जाँच सेवाको स्थापनाः

डाँकको चोरी र लापरवाहीबाट सर्वसाधारण जनतालाई ज्यादै मर्का पर्दछ र यसरी डाँक सेवाप्रति नै विश्वास घट्न जान्छ। यस समस्याको समाधान गर्नलाई यस योजनामा डाँक सेवाको स्थापना गरिनेछ। इन्स्पेक्टरलाई आवश्यक तालिम दिई पहिले काठमाडौंमा र पछि तालिम प्राप्त इन्स्पेक्टरहरुको संख्या बढ्दै गएपछि देशभर डाँक जाँच गर्ने इन्स्पेक्टरहरुको व्यवस्था गरिनेछ।

### मनि अर्डर सेवाः

मनि अर्डर सेवा चालु गर्नलाई हुलाक जाँच सेवालाई दरिलो तुल्याउन आवशयक छ। योजनाको दोश्रो वर्ष सम्ममा हुलाक जाँच विकसित भईसक्ने हुँदा त्यस पछि मात्र पनि अर्डर सेवा चालु गरिनेछ।

### फिलाटेलिक कार्यक्रमः

नेपालको हुलाक टिकटको प्रचार गरी यसबाट अधिकतम लाग हाँसिल गर्न फिलाटेलिक कार्यक्रमलाई सुदृढ गरिनेछ। विभिन्न आकार प्रकारका आकर्षक नमूना भएका टिकटहरु प्रकाशनमा ल्याई यसको बिक्री वितरणबाट सरकारी आयमा वृद्धि गरिनेछ।

### २०१८/१९ र २०२१/२२ को स्थिति तथा २०२६/२७ मा पुगिने योजनाको लक्ष्यः

| विषय | इकाई | २०१८/१९ को स्थिति | २०२१/२२ को स्थिति | २०२६/२७ मा पुगिने लक्ष्य | तेश्रो योजनाको ५ वर्षको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|
| शाखा हुलाक | संख्या | १२७ | १५३ | २३८ | ८५ |
| सहकारी हुलाक | संख्या | १९४ | १९४ | ५९४ | ४०० |